# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
३ नं. प्रदेश
भरतपुर, चितवन, नेपाल

प.सं. ०७५/७६ सा.प्र.शा.
च.नं. २०६९

मिति २०७५/०८/०९

विषयः निर्णयको प्रतिलिपि पठाईएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/०८/०७ गते वसेको वैठकबाट पारित निर्णयको प्रतिलिपि पाना ५ (पाँच) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

...............
(अर्जुन पौडेल)
शाखा अधिकृत

बोधार्थः
श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय Website मा राख्नु हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

२४

नगर कार्यपालिकाको २१औं बैठकका निर्णयहरु:

चालु आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सम्पन्न भएका मुख्य-मुख्य कामहरुको संक्षिप्त प्रस्तुति महाशाखागत रुपमा प्रस्तुत भयो ।

चालु आ. ब. का लागि विनियोजित बजेटमध्ये गत आ.ब. मा प्रारम्भ भै यस वर्ष भुक्तानी हुने आयोजनाहरुको भुक्तानीका लागि रकम अपुग हुने लगायत अन्य केही शीर्षकमा नपुग हुने बजेटका सम्वन्धमा र समपूरक कोषमा व्यवस्था गर्नुपर्ने रकम समेत गरी देहाय बमोजिमको पूरक बजेटका सम्बन्धमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी स्वीकृत गरियो।

| आय अनुमानमा भएको परिवर्तन | व्यय अनुमानमा भएको परिवर्तन | कायम हुने कूल वजेट |
|---|---|---|
| १८ करोड १० लाख | १८ करोड १० लाख | ३ अर्व ५२ करोड १५ लाख ८६ हजार |

३. २०७५ पौष ११ गतेभित्र प्रारम्भ गर्ने गरी नगर सभाको तयारी सम्बन्धमा नगर प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको नगर सभा तयारी समिति गठन गरी काम अगाडि बढाउने निर्णय गरियो:

तपसिल

नगर प्रमुख श्री रेनु दाहाल, संयोजक

नगर उपप्रमुख श्री पार्वती शाह ठकुरी, उपसंयोजक

प्रमुख प्रशासकीय अधिकृत श्री नेत्रप्रसाद सुवेदी, सदस्य

वडा नं १० का वडाध्यक्ष श्री अरुण पीडित भण्डारी, सदस्य

वडा नं २१ का वडाध्यक्ष श्री चित्रसेन अधिकारी, सदस्य

वडा नं २५ का वडाध्यक्ष श्री विजय कुमार भुजेल, सदस्य

उपसचिव श्री कुलबहादुर जी. सी., सदस्य-सचिव

४. उपभोक्ता समिति परिचालन सम्बन्धी परिमार्जित कार्यविधिका प्रमुख प्रावधानहरु बैठकमा प्रस्तुत भै सो कार्यविधि अनुसार काम कारवाहीलाई व्यवस्थित गर्ने निर्णय गरियो । साथै नगरस्तरीय र वडास्तरीय कार्यक्रमहरु कार्यान्वयन गर्दा अपनाउनुपर्ने मापदण्डका सम्बन्धमा पनि बैठकमा जानकारी गराइयो ।

५. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार पारेको नमूनाको आधारमा भरतपुर महानगरपालिका, अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ लाई पारित गरी आवश्यक कारवाही अगाडि बढाउने निर्णय गरियो । सो सम्बन्धमा नगर सदस्यमध्येबाट नगर

२०७५।८।६

प्रमुख

Scanned by CamScanner

कार्यपालिकाले मनोनयन गर्ने एकजना सदस्यका रुपमा कार्यपालिका सदस्य श्री धनकुमारी बिश्वकर्मालाई मनोनित गर्ने निर्णय भयो ।

६. नेपालका विभिन्न नगरपालिकाहरुको अध्ययन गर्ने र अनुभव आदानप्रदान गर्ने उद्देश्यले विभिन्न तीनवटा समूहमा सरदर १५ दिनको अन्तरमा अध्ययन भ्रमणमा जानेगरी सामान्य प्रशासन महाशाखाबाट तयार भएको प्रस्ताव सम्बन्धमा बैठकमा जानकारी गराइयो ।

७. भरतपुर महानगरपालिकाले हालसम्म गरेका कामकारवाहीका सम्बन्धमा सार्वजनिक सुनुवाईको आयोजना नेपाल पत्रकार महासंघको संयोजनमा गर्ने गरी आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

८. जै घाँसको विउ खरिद सम्वन्धमा महानगर दररेट भन्दा रु १० बढी हुने गरी न्यूनतम प्रस्ताव पेश भएको हुँदा सो प्रस्तावलाई स्वीकृत गरी जै घाँसको खरिद तथा ढुवानी समयमै सम्पन्न गर्ने निर्णय गरियो ।

९. मंसिर ९ देखि २४ गतेसम्म सञ्चालन हुने लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान "लैंगिक हिंसा र दुर्व्यवहार, छैन हामीलाई स्वीकार" भन्ने नाराका साथ विभिन्न कृयाकलापका साथ मनाउने र संस्थाहरुसँगको सहकार्यमा कानूनी साक्षरता सम्बन्धी कार्यक्रम समेत सञ्चालन गर्ने निर्णय गरियो ।

१०. आ ब २०७३/७४ मा पर्यटनतर्फ संघीय सरकारबाट प्राप्त भै मलेपबाट वेरुजु औल्याएको रु ३ करोड रकम सम्परीक्षणको लागि वेरुजु खातामा दाखिला गरी वेरुजु सम्परीक्षण गर्ने निर्णय गरियो।

११. अनुगमन समितिमा पुनर्गठन र देहाय बमोजिमका समितिहरुमा सदस्य-सचिवको हेरफेर गरि जिम्मेवारी तोक्ने निर्णय गरियो:

**नगर कार्यपालिकाका समितिका संयोजक र सदस्य-सचिव हेरफेर तथा सदस्य थप प्रस्ताव**

| सं. | समितिको नाम | भएको | हुनुपर्ने | कैफियत |
|---|---|---|---|---|
| | अनुगमन समिति | संयोजक, नगर प्रमुख<br>सदस्य-सचिव- भरत कुमार आचार्य | संयोजक -नगर उप-प्रमुख<br>सदस्य-सचिव -योजना अनुगमन तथा सूचना प्रविधि महाशाखा प्रमुख<br>सदस्य -आर्थिक प्रशासन महाशाखा प्रमुख<br>सदस्य -पूर्वाधार विकास महाशाखा प्रमुख | केही सदस्य थप गरिएको |
| | सामाजिक विकास समिति | संयोजक २५ नं. वडा अध्यक्ष- श्री विजय भुजेल<br>सदस्य-सचिव श्री तुलसी प्रसाद श्रेष्ठ | संयोजक -साविक<br>सदस्य-सचिव -कलावती ओझा | |
| | वातावरण तथा | संयोजक ५ नं. वडा अध्यक्ष श्री | संयोजक -साविक | |

प्रमुख

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| | विपद् व्यवस्थापन समिति | पदमपाणी सुवेदी<br>सदस्य-सचिव श्री सुशिला रेग्मी अधिकारी | सदस्य-सचिव -अन्जनी अधिकारी | |
| ७. | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | संयोजक २२ नं. वडा अध्यक्ष श्री विष्णु राज महतो<br>सदस्य-सचिव श्री रोम बहादुर महत | संयोजक -साविक<br>सदस्य-सचिव -अर्जुन पौडेल | |
| ८. | सरसफाइ तथा ल्याण्ड फिल्ड साइड उप-समिति | संयोजक ३ नं. वडा अध्यक्ष श्री चन्द्रमित्र पण्डित<br>सदस्य-सचिव श्री लिलाराज खरेल | संयोजक -साविक<br>सदस्य-सचिव -सुशिला रेग्मी | |

१२. नगरको बुलेटिन, पुस्तिका तथा अन्य प्रकाशन सम्बन्धि कार्य गर्ने समितिलाई देहाय बमोजिम पुनर्गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| उप-सचिव श्री कुलबहादुर जी. सी. | संयोजक |
| उप-सचिव श्री सिर्जना थपलिया | सदस्य |
| ईन्जिनियर श्री कृष्ण पण्डित | सदस्य |
| विद्यालय निरिक्षक श्री रुद्र शर्मा | सदस्य |
| सूचना अधिकृत श्री मेनका पण्डित | सदस्य |

**विविध निर्णयहरु**

१. सरसफाई कार्यक्रमलाई प्रभावकारी बनाउने सम्वन्धमा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को प्रावधानअनुरुप जथाभावी फोहोर फाल्नेलाई रु ५००० देखि १००००० सम्म जरिवाना गर्ने तथा जथाभावी फोहोर फालेको सूचना दिई सहजीकरण गर्ने संघसंस्था, समुह तथा व्यक्तिलाई जरिवाना रकमको २५ प्रतिशतसम्म पुरस्कार स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

२. वडा नं १६ को करेन्ट लागेर देहान्त भएका विद्युत कामदारका परिवारलाई राहत स्वरुप रु. २,५०,०००।– उपलव्ध गराउन उक्त वडा कार्यालयबाट सिफारिससाथ आएकोमा उक्त प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो । साथै संभव भएका थप सुविधाका लागि नेपाल विद्युत प्राधिकरण भरतपुर शाखालाई अनुरोध गर्ने निर्णय गरियो ।

३. नगर प्रहरीले जफत गरेका र ट्राफिक प्रहरी कार्यालयबाट प्राप्त भएका मालसामान तथा वस्तुहरुको लिलाम बिक्री प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

४. मिति २०७५ मंसिर ९ गते हुने कार्यशाला गोष्ठी र प्रस्तुतीकरण सम्वन्धमा वैठकमा जानकारी गराइयो ।

Scanned by CamScanner

भरतपुर महानगरपालिका वडा नं २१ स्थित स्वास्थ्य चौकीसँगै रहेको खाली जग्गामा स्वास्थ्य सम्वन्धी परियोजना संचालनका लागि उक्त स्वास्थ्य चौकी र लायन्स क्लव अफ नारायणीलाई अर्को व्यवस्था नभएसम्मका लागि संयुक्तरुपमा साविक पार्वतीपुर ८ स्थित कित्ता नं ९ मध्येको ०-१२-० जग्गा उपलव्ध गराउने निर्णय गरियो ।

६. आगामी २०१८ डिसेम्वर ४ देखि ६ सम्म सिंगापुरमा हुने The Asia Pacific Cities Alliance for Tobacco Control and Prevention of Non-communicable Diseases को तेश्रो बैठक (3rd AP-CAT Summit) मा निमन्त्रणा प्राप्त भएकोले भरतपुर महानगरपालिकाको तर्फबाट सहभागी हुन प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद सुवेदीलाई मनोनयन गरी स्वकीकृतिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

७. वडा नं २ र १२ का लागि हाल वडा कार्यालय रहेको स्थान ज्यादै साँगुरो रहेको र नयाँ भवन निर्माणका लागि उपयुक्त स्थानमा जग्गा व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा सम्वन्धित वडामा रहेका सरकारी तथा सार्वजनिक जग्गा पहिचान गरी जिल्ला प्रशासन कार्यालय मार्फत संघीय सरकारसमक्ष लेखी पठाउनका लागि प्रकृया अघि वढाउने निर्णय गरियो ।

८. ढुंगा गिटी वालुवा सम्वन्धमा IEE स्वीकृत भएका विभिन्न ५ स्थान (नारायणी नदीकिनारको सिद्धिगणेश सामुदायिक बन र ज्ञानेश्वर सामुदायिक वन क्षेत्र, वडा नं २९ अन्तर्गतको रिग्दीखोला, वडा नं १ अन्तर्गत ठिमुरामा पर्ने त्रिशुली नदीको वगरक्षेत्र, वडा नं ११ .अन्तर्गत खगेरी खोला) को ठेक्का सूचना प्रकाशित गरी अन्य आवश्यक प्रकृया अगाडि वढाउने निर्णय गरियो । यसका लागि प्रदेश नं ३ को आर्थिक ऐनबाट तय भएको संकलन र विक्रीको गरी अलग अलग ठेक्काको सट्टा तोकिएको चौहद्दीबाट विक्री हुनेगरी एउटै ठेक्का न्यूनतम शुल्क रु ६ प्रति घनफिट लगाउने गरी सूचना प्रकाशित गर्ने समेत निर्णय गरियो ।

९. भरतपुर महानगरपालिकाभित्र हालसम्म निर्माण भएको कालोपत्रे सडकको लगत तयार गरी आगामी बैठकमा पेश गर्ने र एकरुपता कायम गर्नका लागि वडा कार्यालयबाट टोल विकास संस्थालाई प्रदान हुने प्रमाणपत्रको नमूना तयार गरी वेवसाइट मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

१०. वडा नं २१ र अन्य कुनै १ वडामा नमूनाको रुपमा सरसफाई कार्यक्रम सञ्चालनका लागि केही संस्थाहरुले प्रस्ताव गरेको सन्दर्भमा सरसफाई व्यवस्थापनमा महानगरपालिकाको नीति अनुरुप घरपरिवार र व्यवसायीबाट महानगरपालिकाले तोकेको शुल्क लिई Reuse, Recycle and Reduce (3R) अपनाई नवीनतम ढंगको व्यवस्थापन गर्नेगरी विशेषज्ञ संस्थाको सेवा प्राप्त गर्न खरिद प्रकृया अघि वढाउने निर्णय गरियो ।

११. राजस्व वढी दाखिला भएकोले फिर्ता माग भएका तपसिल वमोजिमलाई स्वीकृति दिनुका साथै चेकमा हस्ताक्षर नमिलेको कारण नसाटिएका चेकलाई पुनः चेक उपलव्ध गराउनका लागि माग भएकालाई पुनः चेक उपलव्ध गराउने निर्णय गरियो ।

प्रमुख

Scanned by CamScanner

तपसिल

- महानगरपालिका कार्यालयको ट्रयाक्टर मर्मत गरे बापतको आ.व. ०७२/७३ सालमा जारी चेक विविध कारणले समयमा नलगेको हुँदा रु. ५४,७११।९७ नयाँ चेक उपलब्ध गराई पाउँ भनि निवेदन पेश भए अनुसार नयाँ चेक उपलब्ध गराउने ।
- लाईन्स चोक स्थित तरकारी तथा फलफुल मण्डीमा रहेको स्टल नं.४३(ख) को स्टल भाडा रु. १५,२५५।- हुनुपर्नेमा दुई महिनाको स्टल भाडा बुझाउँदा रु.३३,५१०।- बुझाएको हुँदा रु. ३,०००।- बढी बुझाएकोले फिर्ता पाउँ भनि निवेदन पेश भएकोले फिर्ता दिने ।
- प्रशंसा कन्स्ट्रक्सन /प्रशंसा ट्रेडर्सले ब्यवसाय नविकरण गर्दा रु.१२,०००।- बुझाएको तर लाग्ने रकम रु. ५,०००।- मात्र भएको हुँदा रु. ७,०००।- फिर्ता पाउँ भन्ने निवेदन पेश भएकोले फिर्ता दिने ।
- सिद्धार्थ निर्माण सेवाले ब्यवसाय नविकरण गर्दा रु. १२,०००।- बुझाएको तर लाग्ने रकम रु. ५,०००।– मात्र भएको हुँदा रु. ७,०००।- फिर्ता पाउँ भनि निवेदन पेश भएकोले फिर्ता दिने ।
- आरती पन्तको छोरा बसन्त पन्तले घर टहरा निर्माण गर्ने भनि मिति २०७५/०३/११ गते रु.११,९१८।- राजस्व बुझाएको तर साँध सँधियारको विरोधको कारण निर्माण हुन नसकेकोले रकम फिर्ता पाँउ भनि निवेदन पेश भएको हुँदा फिर्ता दिने ।
- हरिमाया ओझाले यस कार्यालयमा एकीकृत सम्पत्ति कर २०७४/०७५ सम्म बुझाई सकेको तर भुलबस मुल्याङ्कन गर्दा बक्यौता भनि ०६९/०७० देखी ०७५/०७६ सम्म मुल्याङ्कन हुन गएकोले रु. १,०७५।- बढि राजश्व असुल भएकोले फिर्ता पाँउ भनि निवेदन पर्न आएको हुँदा फिर्ता दिने ।
- एर्डभरटाइजिङ्ग इन युज प्रा. लि. को नाममा मिति २०७४/११/१४ मा काटिएको रु. १,६५,०००।- रकम बराबरको चेक कलेक्सनमा पठाउँदा हस्ताक्षर नमिलेको भनि चेक फिर्ता आएको र अर्को चेक उपलब्ध गराई पाउँ भनि निवेदन पेश भएकाले नयाँ चेक उपलब्ध गराउने ।

प्रमुख

Scanned by CamScanner